ढकारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोजगार सेवा केन्द्र
ढकारी, अछाम

प.सं. :- २०८१/०८२
च.नं.:- X

सुदुरपश्चिम, प्रदेश

मिति:- २०८१/११/०१

## वेरोजगार व्यक्ति सूचीकरण हुने सम्बन्धि अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११ रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ , प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा १८ तथा नेपाल सरकार (मन्त्रीपरिषद्) को तत्कालीन राहत सम्बन्धी मिति २०७७/०१/१४ को निर्णय समेतको आधारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७७/०३/३० को माननीय मन्त्रीस्तरको निर्णयानुसार आ.व.२०८२/०८३ का लागि रोजगार सेवा केन्द्रमा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न हुन चहाने १८ बर्ष देखि ५९ वर्ष उमेर समूहका वेरोजगार व्यक्तिले निवेदन दिन सक्ने समयावधि तपसिल बमोजिम कायम गरिएको हुँदा तोकिएको समयभित्र आफ्नो वडा कार्यालयमा गई निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:-

१. **निवेदन पेश गर्नुपर्ने समधयावधि:**- २०८१ फागुन १ देखि २९ गतेसम्म ।
२. **निवेदन पेश गर्नुपर्ने स्थान:**- सम्बन्धित वडा कार्यालय ।
३. **निवेदनको साथमा पेश गर्नुपर्ने कागजातहरु:**
   क. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि थान - १
   ख. अपाङ्गता भएको भए अपाङ्गताको परिचय पत्रको प्रतिलिपि थान - १
   ग. पासपोर्ट साइजको फोटो थान -१
   घ. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृत लिई रोजगारीमा जान नपाएको व्यक्ति भए सो व्यहोरा खुल्ने कागजात थान -१
४. निवेदन फाराम सम्बन्धित वडाकार्यालय वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट स्वयं व्यक्तिले डाउनलोड गर्न सक्नेछ वा ढकारी गाउँपालिका रोजगार शाखावाट पनि उपलव्ध गराउन सकिनेछ ।
५. निवेदन फाराम पूर्ण रुपमा सफा र सही तरिकाले भरि सम्बन्धित वडा अध्यक्षबाट प्रमाणित गराएर मात्र वडा कार्यालयमा दर्ता गरेको हुनु पर्नेछ ।

२०८१/११/१

लक्ष्मण साउद
नि. प्रमुख प्रशासकीय अधिकृत

**विस्तृत जानकारीको लागि :- प्रेम बहादुर साउँद (रोजगार संयोजक) - ९८५१२५५८५४**